# मिसन न्यूज

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

www.missionenews.com

विज्ञापन, लेख, रचना र ताजा समाचारका लागि प्रत्येक हप्ताको बुधबार कालिकोटबाट प्रकाशन हुने मिसन न्यूज राष्ट्रिय साप्ताहिक पढ्न नभुल्नु होला । साथै

www.missionenews.com

अनलाईन पत्रिका समेत संचालनमा आएको जानकारी गरिन्छ ।

वर्ष–२ | अंक–४८ | २०७५ जेष्ठ ३० गते बुधबार | 13 jun 2018 Wednesday | मूल्य रू. १०/-

# स्वास्थ्यचौकीविहीन स्थानीय तहका ५२ वडा

**मिसन न्यूज**

**कालिकोट -** जिल्लाका ९ वटा स्थानीय तहका ५२ वडा स्वास्थ्यचौकीविहीन रहेको पाइएको छ । जिल्ला स्वास्थ्य कार्यालय कालिकोटको तथ्यांकअनुसार जिल्लामा रहेका ९ वटा स्थानीय तहका कुल ८२ वटा वडामध्ये ५२ वडा स्वास्थ्यचौकीविहीन रहेको पाइएको हो । जिल्ला स्वास्थ्य कार्यालय प्रमुख डा.विवश पराजुलीले जिल्लामा एउटा जिल्ला अस्पताल र एक प्राथमिक स्वास्थ्य केन्द्रसहित ३० वटा मात्र स्वास्थ्य संस्था रहेको जानकारी दिए ।

उनका अनुसार जिल्लाको खाँडाचक्र नगरपालिकामा ११ वडामध्ये वडा नं. १ मा एक जिल्ला अस्पताल र २ वटा वडामा स्वास्थ्यचौकी, रास्कोट नगर पालिकामा ९ वटा वडामध्ये ३ वटा वडामा स्वास्थ्यचौकी, तिलागुफा नगरपालिकामा ११ वडामध्ये ५ वटा वडामा स्वास्थ्यचौकी, पलाता गाउँपालिकामा ९ वटा वडामध्ये ३ वटा वडामा स्वास्थ्यचौकी, पचालझर ना गाउँपालिकामा ९ वटा वडामध्ये ३ वटा वडामा मात्र स्वास्थ्यचौकी, शान्तित्रिवेणी गाउँपालिकामा ९ वटा वडामध्ये ३ वडा वडामा मात्र स्वास्थ्यचौकी, नरहरिनाथ गाउँपालिकामा ९ वटा वडामध्ये ५ वटा वडामा मात्र स्वास्थ्य चौकी, शुभकालिका गाउँपालिका मा ८ वटा वडामध्ये ३ वडा वडामा स्वास्थ्य चौकी र महाँवै गाउँपालिकामा ७ वटा वडामध्ये २ वटा वडामा मात्र स्वास्थ्यचौकी छ । सरकारले हरेक स्थानीय तहमा १५ शड्ढयाको अस्पताल बनाउने भनिरहँदा कालिकोटका अधिकांश वडामा स्वास्थ्यचौकीसमेत नहुँदा नागरिकले आधारभूत स्वाथ्य सेवासमेत पाउन सकिरहेका छैनन् । जिल्लाको रास्कोट नगरपालिका प्रमुख काशीप्रसाद बरालले नगरका ९ वटै वडामा स्वास्थ्यचौकी नहुँदा स्थानीय नागरिक घण्टौं हिँडेर अर्को वडामा उपचार गर्न जानुपर्ने बाध्यता रहेको बताए । उनले भने, 'कहिलेकाहीं सिजनअनुसार महामारी आएपछि सबै वडामा स्वास्थ्यकर्मी परिचालन गर्न पनि समस्या छ । उनले भने, 'हामीले सरकारको नीतिअनुसार हरेक स्थानीय तहमा १५ शड्ढयाको अस्पताल स्थापना गर्ने प्रक्रियामा छौं ।' तर, अस्पताल बने पनि हरेक वडामा अनिवार्य रूपमा स्वास्थ्यचौकी आवश्यक



कालिकोट जिल्लाको शुभकालिका गाउँपालिकास्थित भर्ताबाट डोकोमा बोकेर सुत्केरी व्यथा लागेकी महिलालाई स्वास्थ्यचौकी लगिँदै ।

रहेको उनले बताए । जिल्ला स्वास्थ्य कार्यालयका अनुसार जिल्लामा साविकका ३० वटा गाविसमा रहेका ३० वटा स्वास्थ्य संस्थाले नै अहिलेको नयाँ संरचनाअनुसार सेवा प्रवाह गरिरहेका छन् । जसले गर्दा ती ३० वटा गाविसमा रहेका स्वास्थ्य संस्था हाल ३० वटा वडामा परेका छन् । बाँकी ५२ वडाका नागरिक भौगोलिक विकटताका कारण घण्टौं हिँडेर अर्को वडामा आधारभूत स्वास्थ्य सेवा लिन जानुपर्ने बाध्यता छ । जिल्लाका

**बाँकी ८ पृष्ठमा..**

## कर्णाली प्रदेश : प्रदेश नीति संघीय सरकारसंग बाझियो

**मिसन न्यूज**

सुर्खेत । कर्णाली सरकारले आर्थिक वर्ष ०७५र७६ को नीति तथा कार्यक्रम संघीय सरकारको नीतिसंग बाझिने गरी ल्याएको भन्दै सांसदहरुले आलोचना गरेका छन् । प्रदेशसभामा सोमबारदेखि जारी छलफलमा भाग लिएका अधिकांश सांसदहरुले नीति तथा कार्यक्रमको आलोचना गरे । सांसदहरुले संघीय सरकारको नीति तथा कार्यक्रम र, बजेटसंग बाझिने गरी आएको भन्दै प्रदेशको बजेटमार्फत् सच्याउन माग गरे । सरकारको तर्फबाट शनिबार प्रदेश प्रमुख दुर्गाकेशर खनालले कर्णाली प्रदेशसभामा एक सय ७५ बुदे नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । विपक्षी दल कांग्रेसका नेता जीवनबहादुर शाहीले आर्थिक सर्भेक्षणलाई मध्यनजर नगरी प्रदेश सरकारले नीति तथा कार्यक्रम ल्याएको बताए । 'आर्थिक सर्भेक्षण नीति तथा कार्यक्रम र, बजेटका लागि मार्गदर्शक हो, तर सरकारले आर्थिक सर्भेक्षणका विविध पक्षलाई बेवास्ता गर्दै हचुवा, अव्यवहारिक र केवल कागजी पाना भर्ने किसिमले ल्याएको छ,' उनले भने, 'नीति तथा कार्यक्रमले प्रदेशको क्षमतालाई सम्बोधन गर्न सकेन ।' संघीय

**बाँकी ८ पृष्ठमा..**

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाइ**

**सरसफाई बारे.............**

| हात अनिवार्य धुनपर्ने जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित व्यवहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यवहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**पलाँता गाउँपालिकाको कार्यालय**

**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**शुभकालिका गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय,**

**कालिकोट**

# नाम कम्युनिस्ट, काम के ?

पुरञ्जन आचार्य

भारतको हरियाणा राज्य महेन्द्रगढ जिल्लामा त्रिपन्न वर्षपहिले रामकिशन यादवको जन्म भयो। आठवर्षको उमेरमा रामकिशन सरकारी पाठशालाबाट घर फर्कँदा सडकमा लड्छन्, छट्पटिन्छन् र बेहोस हुन्छन्। उनीसँगै पाठशालाबाट घर फर्किरहेका मित्रहरू रामकिशनलाई 'भूत' लाग्यो भनी भाग्छन्। भोलिपल्ट रामकिशनलाई सरकारी अस्पताल लगिन्छ। त्यहाँ पत्ता लाग्छ कि उनको शरीरको वायाँ भाग सम्पूर्णरूपमा पक्षघातको आक्रमणले ग्रसित छ। आठवर्षका चञ्चले रामकिशनको जीवनले अचानक नयाँ मोड लिन्छ र उनी आफ्नो विकलांग शरीरले गर्न सक्ने कामतर्फ आकर्षित हुन्छन्।

र, त्यो काम थियो योग र आध्यात्म। योग र आध्यात्मको क्रममा अगाडि बढ्दै जाँदा रामकिशनका योगगुरु आचार्य बलदेव उनलाई भन्छन् - 'भगवान राम र कृष्ण दुवै पूजनीय छन् तर दुवैको प्रकृति र प्रवृत्तिमा मौलिक फरक छ।' आचार्य बलदेव रामकिशनलाई थप सोध्छन् : तिमी रामको मर्यादा पुरुषोत्तमको मार्गमा हिँड्ने कि कृष्णको बहुआयामिक व्यक्तित्वले भरिएको रोमाञ्चक मार्गमा हिँड्ने ? पक्षघातमाथि योगले विजय गर्दै गरेको रामकिशनको मन मस्तिष्कलाई मर्यादा पुरुष रामको व्यक्तित्वले आकर्षण गर्छ। यसै पनि धर्मगुरु र धर्म प्रवर्धकहरू उदास, शान्त र गम्भीर हुन रुचाउँछन्, कृष्ण अपवाद हुन् यसमा। रामकिशनका गुरु आचार्य बलदेवले'किशन' हटाएर 'देव' जोड्दे रामदेव न्वारन गर्छन्। यसरी योगगुरु रामदेवको जन्म हुन्छ। रामकिशनबाट योगगुरु रामदेवसम्मको यात्रा संघर्षमय र प्रेरणादायक छ। आश्चर्य र अनौठो लाग्ने टाइकुन रामदेवको जीवन पनि कम रोमाञ्चक र विवादास्पद छैन। योगगुरुबाट १० हजार करोडको मालिक बनेका 'टाइकुन रामदेव' का रूपान्तरित जीवनआज अन्तराष्ट्रियरूपमै उद्यमी र उद्योगपतिका लागि अध्ययनको विषय भएको छ। माथि रामकिशन यादवदेखि योगगुरु रामदेव हुँदै टाइकुन रामदेवसम्मको यात्रा स्मरण गर्नुपर्ने कारण अरु केही नभएर नेपालमा भर्खर न्वारन भएर जन्मिएको नेपाल कम्युनिस्ट पार्टीको राजनीतिक यात्राको कारणले नै हो। पुष्पकमल दाहालले नेतृत्व गरेको नेकपा माओवादी र प्रम खडग ओलीले नेतृत्व गरेको नेकपा एमालेको कैयन्पटक नयाँ न्वारन भएको छ। अनेकन् विशेषण यो पार्टीको नामसँग जोडिएको छ। प्रत्येक चरणको न्वारनले नयाँ विरोधाभाष जन्माएको छ। कसरी ? सर्वप्रथम यो पार्टीको नाम निरन्तररूपमा कम्युनिस्ट छ। विगतमा पुछारमा लामा लामा विशेषण हुन्थे अन्तराष्ट्रिय कम्युनिस्ट आन्दोलनसँग जोडिन। अहिले त्यो डिलिट भएको छ। कम्युनिस्ट नाम र विशेषणको कारण हो कि वैकल्पिक राजनीतिक शक्तिको अभावमा यतिखेर नेपालको राज्यसत्ता कम्युनिस्टमय देखिन्छ। संघीय संसद्देखि प्रदेशसभासम्म सर्वत्र कम्युनिस्टले विजयी पाएका छन्। नेपालमा लोकतान्त्रिक आन्दोलन को गौरवशाली इतिहासको नेतृत्व नेपाली कांग्रेसले गरेको छ। लोकतान्त्रिक इतिहास निर्माणको क्रममा यथास्थिति वादीसँग आन्दोलन र संघर्ष गर्नुपर्दा नेपालका कम्युनिस्टहरू अन्तिम अवस्थामा आएर कांग्रेस नेतृत्वको पहलमा लोकतान्त्रिक संघर्षमा उत्रिएका छन्। अन्यथा, जस्तो नाम काम त्यस्तै नेपालका कम्युनिस्टहरूको। नेपालमा यतिखेर बहुदलीय व्यवस्था छ भने त्यही व्यवस्थाको माध्यमबाट देशभरकम्युनिस्ट सरकार छ। नेपालको वर्तमान संविधानले उपलब्ध गराएको राजनीतिक मार्गबाट प्रतिनिधिमूलक राज्यव्यवस्थामा कम्युनिस्टको बहुमत हुनु २१औँ शताब्दीको विश्वमा अनौठो मानिन्छ। राज्यसत्तामा कम्युनिस्ट एकाधिकारसँगै केही मौलिक प्रश्न उठ्छ। कम्युनिस्टको एकछत्र राज्यसत्ता भएको आजको नेपालमा यिनले कुन आर्थिक सामाजिक दिशा देशलाई दिनसक्लान् ? नेपालको राज्यसत्ता 'ग्रस' माकम्युनिस्टमय हुनुको पछाडि कांग्रेसको विकल्पमा कम्युनिस्ट नामधारी लोकतान्त्रिक विकल्पको उदय देशमा भएको हो ? वा नेपालका बहुसंख्यक जनता सही अर्थमा नेपालमाकम्युनिस्ट सत्ताको खोजीमा छन्? विरोधाभाषपूर्ण अवस्थामा देश छ। सही अर्थको कम्युनिस्ट सत्ता भनेको सर्वसत्तावाद हो भनी बुझिन्छ। अब यसको छिनोफानो कसरी गर्ने ? प्रम खड्ग ओलीसामु सबैभन्दा ठूलो चुनौती नाम र कामबाट आफूलाई कम्युनिस्ट सिद्ध गर्ने काम सजिलो छैन। अनि प्रम ओलीलाई निरन्तर लोकतन्त्रको परीक्षामा उत्रनुपर्ने हुन्छ कम्युनिस्ट नामको पार्टी राखेपछि।

प्रम ओलीले जतिसुकै पटक हामीले लोकतन्त्रको सर्टिफिकेट कांग्रेसबाट लिइरहनुपर्ने जरुरत छैन भने पनि उनको विगत, पार्टीको नाम र निशृत विचारहरूले उनलाई लोकतान्त्रिक निष्ठाको कठघरामा उभ्याइरहन्छ। नेपालको राजनीतिक प्रणाली कम्युनिस्ट दर्शनले निर्देशित गरेजस्तो छैन। राजनीतिक प्रणालीमात्र होइन, नेपालका कम्युनिस्टहरू पनि कम्युनिस्ट जस्ता छैनन्, देखिएनन्। संभवतः यहाँनेर यो पार्टी कांग्रेसको लोकतान्त्रिक विकल्प हो कि भन्ने सन्देश प्रवाह हुन्छ। तीन दशकअगाडि नेपालमा खुला अर्थराजनीतिको प्रवेश भयो। यो खुला अर्थराजनीतिको वातावरणमा नाफा केमा छ र कसरी कमाउन सकिन्छ भनी सबैभन्दा बढी नेपालका कम्युनिस्टहरूले बुझे।


एक घर एक करेसावारीको स्थापना गरौं ।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥
खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कालिकोट



## जनहितमा जारी सन्देश

मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी भिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।

खाँडाचक्र नगरपालिकाको कार्यालय
कालिकोट



मिसन न्यूज
राष्ट्रिय साप्ताहिक
MISSION News National Weekly

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
सम्पादकः पवित्र शाही
प्रवन्ध सम्पादकः निर्मला शाही
कम्प्युटर अप्रेटरः लिलाराज संज्याल
बजार ब्यवस्थापकः निशा शाही
कार्यालयः खाँडाचक्र न.पा.-१ कालिकोट
इमेलः missionnewsp@gmail.com
फोन नं. ०८७-४४०२४२, ९८४८०४९४५५, ९८६८३१५३५३

मुद्रणः ईश्वर अफ्सेट प्रेस मान्म-५ कालिकोट
www.missionenews.com



## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु। २. साझँ पख सधै ज्वरो आउनु। ३. खाना खान मन नलाग्नु। ४. तौल(वजन) घट्नु। ५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।


पचाल झरना गाउँपालिकाको कार्यालय
कालीकोट

# अझैपनि पुगेन कालिकोटका स्थानीय तहमा सिंहदरवार

**मिसन न्युज**

**कालिकोट-** जिल्लाका ९ वटा स्थानिय तहहरु मध्ये अधिकांश स्थानीय सरकारले सदरमुकाममै अस्थायी कार्यालय खडा गरी काम गरिरहेका छन् । गाँउमा बैक तथा बित्तिय संस्थाको अभाव लगाउतका कारणहरु देखाई जिल्लाका ९ वटै स्थानिय तहका आर्थिक कारोवारहरु सदरमुकाम बाटै संचालन गर्दा गाउँमा जाने भनिएको सिंहदरबार सदरमुकाममै रोकिएको छ ।

कालिकोट जिल्लाको सदरमुकाम मान्ममा आधा दर्जन बैंक तथा वित्तीय संस्था रहेपनि स्थानिय तहमा बैंक नहुँदा सदरमुकाममा सम्पर्क कार्यालय राखी सवै काम कारोबार गर्नु परेको जनप्रतिनिधिहरुले बताउदै आएका छन् । सानो सानो चेक साट्नकै लागि पनि सदरमुकाम जान परेको छ । सरकारले सबै तहमा बैंक पुर्याउने भने पनि बिद्युत सेवा, भौतिक पूर्वाधारको कमी र भरपर्दो सुरक्षाको अभावमा बैंकहरु तत्काल गाउँ जान चुनौती रहेको बैकहरुले बताएका छन् । राष्ट्र बैकका अनुसार जिल्लाका ९ वबै स्थानिय तहमा कुन बैक कता जाने तोकि दिएको छ । जस अनुसार जिल्लाको पलाँता गाउँपालिका र पचाल झरना गाउँपालिकामा नोवेल बैक, रास्कोट नगरपालिकामा ग्लोबल बैक, शान्नित्रिवेणी गाउँपालिकामा शानिमा बैक, नरहरीनाथ गाउपालिका, शुभकालिका र महावै गाउँपालिकामा कृषि विकास बैक, तिलागुफा नगरपालिकामा ईन्भेष्टमेन्ट बैकलाई शाखा बिस्तार गर्नका लागि तोकिदिएको छ । जस मध्य रास्कोट नगरपालिकामा ग्लोबल बैक, तिलागुफा नगरपालिकामा ईन्भेष्टमेन्ट बैकले शाखा खोली सेवा बिस्तार गरिसकेका छन् । रास्कोट नगरमा नेटोर्क राम्रो नहुँदा बैकले प्रबाह गर्ने सेवाहरु प्रभावकारी बनाउन कठिन रहेको ग्लोबल बैकले जनाएको छ । गाँउमा बैंक नहुँदा सबै स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र उपभोक्तालाई भुक्तानि तथा नगर कारोबार गर्न सदरमुकाम मान्म आउन बाध्य छन् । बैंककै कारण यहाँका सबैजसो स्थानीय तहका जनप्रतिनिधिहरूले सदरमुकाममै अस्थायी कार्यालय बनाएर सेवा प्रबाह गरिरहेका छन् । सिंह दरबार गाँउमा आएको भनेर भनेपनि पुन सदरमुकाम मुखी भएको सेवाग्राहीहरुको गुनासो छ । गाउँमा बैंक नहुँदा स्थानीयलाई सास्ती भएको सुनाउँदै रकम लैजान असुरक्षाका कारण डराउनुपर्ने अवस्था छ । सशस्त्र द्वन्द्व र सडक नहुँदासम्म राष्ट्रिय वाणिज्य बैंकले मात्र नगद कारोबार गर्ने कालिकोटमा हाल कृषि विकास बैंक, सानिमा बैंक, ग्लोबल आईएई बैंक, टुरिजम डेभलपमेन्ट बैंक, एनआईसी एसिया बैंकले खाँडाचक्र नगरपालिकामा सेवा प्रवाह गरिरहेका छन् । radionrn बाट




## कालिकोटवासी सम्पुर्णमा हाम्रो अनुरोध

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट



## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुवाऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

शुभकालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकोट



## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट



## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
कालिकोट

## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दाँते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**तिलागुफा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, कालिकोट**



**लोग सेवा आयोगको अग्रगामी सोच आधुनिक परीक्षण प्रविधिको प्रयोगबाट योग्यतम ब्यक्तिको छनोट**

**नेपाल सरकार सुचना तथा सञ्चार मन्त्रालय**
**सुचना विभाग**



**सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔँ, गरिबी न्यूनिकरण गरौँ।**

**पलाँता गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, कालिकोट**



**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।**

**रास्कोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कालिकोट**


# स्वास्थ्य

## गुलियो खानाले मात्र हुँदैन मधुमेह, जान्नैपर्ने केही तथ्यहरु

मधुमेहका बिरामीहरूले अन्डा दिनहुँ खाँदा हुने रहेछ। यस्तो गर्दा उनीहरूलाई कुनै नोक्सान हुँदैन भनेर एउटा पछिल्लो अध्ययनमा दाबी गरिएको छ। अमेरिकन जर्नल अफ क्लिनिकल न्युट्रिसनमा प्रकाशित उक्त अध्ययनअनुसार, सातामा १२ वटासम्म अन्डा खानाले टाइप-२ डाइबिटिजका बिरामीलाई मुटुको रोगको कुनै जोखिम हुँदैन। अन्डामा कोलेस्ट्रोलको स्तर बढी हुन्छ जसले गर्दा मधुमेहका बिरामीलाई सामान्यतस् अन्डा नखाने सल्लाह दिइन्छ। तर अध्ययन अनुसार अन्डाले रगतको कोलेस्ट्रोलको स्तरमा असर गर्दैन। मधुमेहको पूर्वअवस्थामा र टाइप-२ मधुमेहका बिरामीका लागि अन्डा खाने सुरक्षित स्तर के होभन्ने विषयमा वैज्ञानिकहरूबीच मतभेद छ, तैपनि अध्ययनले औँल्याएको छ– यदि अन्डा तपाईंको नियमित खानपानको अंग बनिसकेको भए खान नरोक्दा हुन्छ। अन्डा प्रोटिन र सूक्ष्म पोषक तत्त्वको राम्रो स्रोत होरु यो खाँदा थुप्रै फाइदा हुन्छ। यो आँखा र मुटुक स्वास्थ्यका लागि राम्रो छ नै, रक्तवाहिनीलाई स्वस्थ राख्नसमेत सघाउँछ। गर्भावस्थामा चिकित्सकहरू अन्डा खान सल्लाह दिन्छन्। यसको सेवनको सल्लाह दिइन्छ।

**मधुमेह र चिनी**

दुई प्रकारको मधुमेह हुन्छ, टाइप(१ र टाइप(२। यी दुबै मधुमेहको भिन्नतालाई सजिलै थाहा पाउन सकिन्छ। टाइप(१ मधुमेहमा इन्सुलिन उत्पादन गर्ने कोशिका तपाईंको प्रतिरक्षा प्रणालीद्वारा नष्ट हुन्छ। जबकी टाइप(२ मधुमेहमा तपाईको शरीरले प्यानक्रियाजद्वारा उत्पादन हुने इन्सुलिन प्रयोग गर्न सक्दैन। **कम खानुहोस्** -मधुमेहको रोगीले कम खानुपर्छ, भलै तपाई थोरै थोरै खानुहोस्। तर, आवश्य पनि खाइर हनुहोस्। मानिसहरु के सोच्छन् भने, मधुमेह बुढ्यौलीमा लाग्छ। तर, यो सबै उमेर समूहमा लाग्न सक्छ। बालकदेखि बयस्कसम्म।

**मधुमेह किन हुन्छ ?**

**निन्द्रा पुरा नहुनु**-हामी कामको चक्करमा पर्याप्त निन्द्रा लिदैनौ। राती अबेर सुत्ने, बिहान चाडै उठ्ने बानी पनि कतिपयको हुन्छ। तर, पर्याप्त निन्द्रा पुगेन भने विभिन्न रोग लाग्न सक्छ। त्यसमध्ये मधुमेह पनि एक हो।

**कम पानी**-दिनमा कम्तिमा ८ देखि १० गिलास पानी पिउनुपर्ने हुन्छ। तर, पानीको मात्रा पुगेन भने शरीरमा ब्लड शुगरको मात्रा बढ्छ।

**राती अबेर खाने**-राती अबेर भोजन गर्दा शरीरको तौल बढ्छ। यसले ब्लड शुगर लेभल असन्तुलित हुन्छ।

**मोटोपन**-जसको शरीरको तौल बढी हुन्छ, उनीहरुले मोटोपन नियन्त्रणका लागि कुनै पहल गरेनन् भने मधुमेहले गाज्न सक्छ।

**व्यायाम नगर्नु**-निष्क्रिय जीवनशैलीले शरीरलाई रोगको भण्डार बनाउँछ। जीवन सक्रिय हुनुपर्छ। यसका लागि नियमित व्यायाम आवश्यक हुन्छ।


**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**महावै गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**कालिकोट**

# मानव अधिकारमैत्री गाउँ

**मिसन न्यूज**



तिलागुफा नगरपालिका -४, राचुली रहेको बालमैत्री विद्यालयमा हात धुँदै बालिका

**कालिकोट** – तिलागुफा नगरपालिका -४, राचुली गाउँ नेपालकै पहिलो मानवअधिकारमैत्री गाउँ भएको छ । मानव अधिकारका विभिन्न २० वटा सूचक पूरा गरेको जनाउँदै राचुलीलाई बुधबार मानव अधिकारमैत्री गाउँ घोषणा गरिएको हो । 'घरघरमा मानव अधिकार शान्ति र विकासको आधार' भन्ने नाराका साथ संघीय संरचनापछि राचुली पहिलो मानव अधिकारमैत्री गाउँ बन्न सफल भएको छ । ३ सय ६२ घरधुरीको राचुलीमा करिब एक सय दलित घरधुरी छन् । यहाँको जनसंख्या करिब २ हजार छ । यो गाउँलाई मंसिर १८ गते पहिलो बालमैत्री गाउँ घोषणा गरिएको थियो । राचुली बालविवाहमुक्त, बालश्रममुक्त, खुला दिसामुक्त तथा पूर्ण सरसफाइयुक्त छ । अनिवार्य तथा आधारभूत शिक्षामा पहुँच पुगेको, विद्यालय शान्ति क्षेत्र, साक्षर, पूर्ण जन्मदर्ता र पूर्ण खोपयुक्त, स्वास्थ्य संस्थाबाट निस्शुल्क औषधि पाएको, सबै घरमा करेसाबारी, धूवाँरहित चुलोलगायतले मानव अधिकारमैत्री घोषणा गरिएको वडाध्यक्ष खडराज शाहीले बताए । मानव अधिकारमैत्री घोषणासभामा सहभागी हुन जिल्लाका सबै सरकारी, जनप्रतिनिधि, दलका प्रमुख, गैरसरकारी संघका प्रतिनिधि र कृषकहरू राचुली आएका थिए । तिलागुफा नगरपालिका-६ जुबिथाका मनवीर सुनारलाई १० वर्षअघि चुलो छोएको आरोपमा कुटपिट गर्दा ज्यान गएको थियो । सबै खालको विभेद अन्त्य भएको नमुना गाउँका रूपमा विकास गरेकाले राचुलीवासीबाट अन्य गाउँ तथा नगरले सिक्नुपर्ने जिल्ला समन्वय समितिका उपप्रमुख लक्ष्मी विष्ट नेपालीले बताइन् । उनले जनयुद्धमा अन्तरजातीय विवाह गर्दा समाजमा छिछि र दुरदुर गरेको सुनाउँदै पुरातन चेतनाबाट समाज माथि उठेको महसुस भएको बताइन् । राष्ट्रिय मानव अधिकार आयोग जुम्लाका प्रमुख रमेशकुमार थापाले सबै अधिकार सबैका लागि भन्ने मानव अधिकारको सिद्धान्तलाई राचुलीवासीले अवलम्बन गरेको बताउँदै कसैको पनि अधिकार हनन नहुने गाउँका रूपमा चिनिन सक्नुपर्ने सुझाव दिएरु। जिल्ला प्रहरी कार्यालयका मनिराम भट्टले सबै खाले हिंसा अन्त्य भएको गाउँ घोषणामा आउँदा खुसी लागेको छ भन्दै मानव अधिकारमैत्री गाउँ घोषणाले समुदाय पनि खुसी रहेको बताए ।


## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

मलिम रावत
प्रमुख प्रशासकीय अधिकृत
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं ।

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## तिलागुफाको सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ। खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौँ, गराऔँ।

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

## रास्कोट नगरपालिकाको सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं। रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं।

**रास्कोट नगरपालिका कार्यालय**
**कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।

**नरहरीनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर।

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालीकोट**

*एक घर एक करेसावारीको स्थापना गरौं।*
*स्वच्छ र ताजा तरकारीको सेवन गरौं॥*

**पचाल झरना गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,कालिकोट**

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | खानेपानी स.तथा सब–डिभिजन | ४४०००३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ |
| जिल्ला कारागार शाखा | ४४००१७ | जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | जिल्ला वन कार्यालय | ४४०००२ |
| जिल्ला पशु सेवा कार्यालय | ४४००२३ | घरेलु तथा साना उद्योग संघ | ४४००१० |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ | मालपोत कार्यालय | ४४००१९ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| जिल्ला प्राबिधिक कार्यालय | ४४०१५३ | मष्टामाण्डु पेट्रोल पम्म | ९८४१४५९३९४ |
| कालीकोट, जुम्ला, हुम्ला सडक योजना | ४४०१७६ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| स्थानीय शान्ति समितिको कार्यालय | ४४०१८१ | एसियन लाइफ उपशाखा कालिकोट | ०८७४४०२५५ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| महिला तथा बालबालिका कार्यालय | ४४००८४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| | | मिसन न्यूज | ०८७–४४०२४२ |

# नवीकरणीय ऊर्जा विस्तार

**मिसन न्यूज**

**सुर्खेत**–कर्णाली प्रदेशमा ऊर्जाको पर्याप्त सम्भावना रहे पनि जनसंख्याको ठूलो हिस्सा अँध्यारोमा बस्न विवश छ । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले प्रदेशलाई उज्यालो बनाउन नवीकरणीय ऊर्जाको विकल्प अघि सारेको छ । सुर्खेतको वीरेन्द्रनगरमा आयोजित नवीकरणीय ऊर्जासम्बन्धी कार्यक्रममा बोल्दै कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाही ।

यहाँका ७९ मध्ये चारवटा स्थानीय तहमा मात्र पूर्णविद्युतीकरण भएको छ। केन्द्रका कार्यकारी निर्देशक रामप्रसाद धितालले कम लागतमा छरितोसँग सबै स्थानीय तहमा ऊर्जा विस्तार गर्न केन्द्रले अध्ययन गरिरहेको जनाए । 'जलविद्युत्का साथै नवीकरणीय ऊर्जाको माध्यमबाट गाउँबस्ती उज्यालो बनाउन सकिने प्रशस्त सम्भावना छ,' उनले वीरेन्द्रनगरमा आयोजित कार्यक्रममा भने, 'तर सम्भावनालाई सिरानीमा हालेर यहाँका जनता अँध्यारोमा जीवन बिताउन बाध्य छन् ।'केन्द्रले प्रस्तुत गरेको प्रतिवेदनअनुसार कर्णाली प्रदेशको ७१ प्रतिशत बस्ती विद्युत्को राष्ट्रिय प्रसारण लाइनबाट वञ्चित छ। २४ प्रतिशतमा आंशिक विद्युतीकरण पुगेको छ । निर्देशक धितालले प्रदेशका २२ प्रतिशत घरमा मात्र उज्यालोको स्रोत आधुनिक ऊर्जा (विद्युत) रहेको बताए । ३३ प्रतिशत घरमा सोलारको उज्यालो रहेको उनको भनाइ छ । 'बाँकी घरमा उज्यालोको स्रोत मट्टीतेल, बायोग्यास लगायत बनेका छन्,' उनले भने, 'एक प्रतिशत घरमा त उज्यालोको कुनै पनि स्रोत छैन ।' प्रदेशका ९५ प्रतिशत घरधुरी अहिले पनि खाना पकाउनका लागि दाउरामै आश्रित रहेको उनले बताए। केन्द्रका अनुसार कम जनघनत्व र कठिन भौगोलिक अवस्थिति विद्युतीकरणमा चुनौती बनेका छन् । अहिलेकै अवस्थामा पनि विद्युतीकरण गर्न करिब ६ अर्ब ७२ करोड रुपैयाँ खर्च हुने सरकारी अनुमान छ। प्रदेश राजधानी वीरेन्द्रनगरबाट जुम्लामा १३२ केभी प्रसारण लाइन विस्तार गर्न एक अर्ब ७१ करोड रुपैयाँ खर्च लाग्ने अनुमान छ । यो कामका लागि कम्तीमा पाँच वर्ष समय लाग्ने केन्द्रका कार्यकारी निर्देशक धितालले बताए । विकल्प नवीकरणीय ऊर्जाकर्णाली प्रदेश सरकारले विद्युत्को उज्यालो वितरण सहज नहुँदासम्म नवीकरणीय ऊर्जामा जोड दिएको छ । मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले ठूला जलविद्युत् आयोजना निर्माण नहुन्जेल नवीकरणीय ऊर्जामार्फत विद्युतीकरण गर्न केन्द्रलाई आग्रह गरे । 'कर्णालीमा तत्काल विद्युतीकरणको आवश्यकता पूरा गर्न वैकल्पिक ऊर्जाका सबै कार्यक्रम कर्णालीमा केन्द्रित गर्नुहोस्,' उनले भने, 'प्रदेश सरकारले आफ्नोतर्फबाट गर्ने सहयोग गर्छ।' उनले वैकल्पिक ऊर्जाको प्रयोगमार्फत जनताको समस्या समाधान गर्न प्रदेश सरकार लगानी गर्न तयार रहेको बताए ।


सुर्खेतको वीरेन्द्रनगरमा आयोजित नवीकरणीय ऊर्जासम्बन्धी कार्यक्रममा बोल्दै कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाही ।

मुख्यमन्त्री शाहीले प्रदेश राजधानी वीरेन्द्रनगरमा तत्काल एक मेगावाटको सोलार प्लान्ट निर्माण गर्न केन्द्रलाई आग्रह गरे। त्यसो भयो भने वीरेन्द्रनगरले भोग्दै आएको विद्युत्को समस्या समाधान हुने उनको भनाइ छ। 'विद्युत् आपूर्तिमा अवरोध भइरहँदा जनतालाई मात्र सास्ती भएको छैन, प्रदेश सरकारको कार्यसम्पादनमा पनि उस्तै समस्या आउने गरेको छ,' उनले भने, 'यो समस्याको छिटो र भरपर्दो समाधानको उपाय भनेको वैकल्पिक ऊर्जा नै हो ।' केन्द्रका कार्यकारी निर्देशक धितालले राष्ट्रिय योजना आयोगले सन् २०२२

**बाँकी ८ पृष्ठमा..**


## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ । बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं।**

**रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकोको कार्यालय**

**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**खाँडाचक्र नगरपालिकाको कार्यालय**

**कालिकोट**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ। खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौँ, गराऔँ।**

**पलाँता गाउँपालिकाको कार्यालय**

**कालिकोट**

**कर्णाली प्रदेश : प्रदेश निति......................**

सरकारको भन्दा बढी नीति ल्याएको, प्रमुख प्रँथमिकताका क्षेत्रहरु किटान नगरिएको र संघीय नीतिसंग बाझिने खालेको आएको टिप्पणी गरे। मनमोहन ज्येष्ठ नागरिक सुरक्षा कार्यक्रम, विमानस्थल निर्माण, विद्युत आयोजना, रेलमार्गको सम्भाव्यता अध्ययन लगायतका विषय केन्द्र सरकारको नीति तथा कार्यक्रमसंग बाझिने गरी ल्याएको उनको भनाई थियो । सरकारले यार्सागुम्बालाई प्राथमिकता दिनुको साटो प्रतिबन्धित जडीबुटीलाई प्रशोधन गर्ने नीति ल्याएको भन्दै शाहीले आपत्ति जनाए। उनीसहित बोल्ने अन्य सांसदले समेत प्रतिबन्धित 'भाङ्गो' को प्रसंग कसर ी आयो भनी प्रश्न गरे । सरकारले आधिकारिक दस्तावेज ल्याउदा गहन अध्ययन, छलफल गरेरमात्र सार्वजनिक गर्न सासदहरुले आग्रह गरे। नेकपाका सांसद गुलाबजंग शाहले पनि संघीय सरकारको नीति तथा कार्यक्रम, बजेटसंग बाझिने गरी प्रदेशको नीति आएको टिप्पणी गरे। 'संविधानको मर्म अनुसार संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्दा उपर्युक्त हुन्छ,' उनले भने, 'संघीय नीतिसंग मेल नखाने हो भने प्रदेशको नीति कागजमै सीमित हुन्छ।' उनले यसपटक पनि क्रमागत प्राथमिकता नतोकिएको बताए। प्रदेश सरकारको दोस्रो नीति तथा कार्यक्रमलाई 'पहिलो' उल्लेख गरेर सुरुमै शाब्दिक त्रुटी गरेको बताए।

**नवीकरणीय ऊर्जा.............**

सम्म सबै स्थानीय तहमा कम्तीमा एक आयोजना निर्माण गर्ने नीति तय गरेअनुरूप कर्णाली प्रदेशमा ४५ वटा साना जलविद्युत् आयोजना, ३३ वटा सौर्य आयोजना र एउटा जैविक आयोजना निर्माणको तयारी भएको जानकारी दिए । उनका अनुसार विद्युत् आयोजनाबाट ४३ दशमलव १३ मेगावाट, सौर्यबाट ३३ मेगावाट र जैविकबाट शून्य दशमलव ३ मेगावाट ऊर्जा निकालिनेछ। तीनवटैका लागि २१ अर्ब दुई करोड रुपैयाँ लगानी लाग्ने छ। कान्तिपुरबाट

**स्वास्थ्यचौकी विहिन.......**

सबै वडामा स्वास्थ्यचौकी नहुँदा गर्भवती जाँच तथा प्रसूति सेवा लिने महिलालाई थप समस्या भएको स्वास्थ्यचौकी नानीकोटका इन्चार्ज जन्मऋषि न्यौपानेले बताए।

उनका अनुसार पचालझरना गाउँपालिका-७ मा रहेको स्वास्थ्यचौकीले पचालझरना गाउँपालिकाका वडा नं. ६, ७, ८ र ९ गरी ४ वटा वडालाई सेवा दिँदै आएको छ। भौगोलिक रूपमा विकट रहेका यी वडामा झन्डै पाँच घण्टा हिँडेर सेवाग्राहीले सेवा लिनुपर्ने बाध्यता छ।



## सम्पुर्णमा हाम्रो अनुरोध

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वर परको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।**

**जिल्ला समन्वय समिति**
**कालिकोट**

## क्षयरोग (टि.बी.) का लक्षणहरु

**१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु। २. साझँ पख सधै ज्वरो आउनु। ३. खाना खान मन नलाग्नु। ४. तौल(वजन) घट्नु। ५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।**

**महावै गाउँपालिकाको कार्यालय**
**कालीकोट**

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाइ**
**सरसफाई बारे.............**

| हात अनिवार्य धुनपर्ने जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित व्यवहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यवहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**नरहरिनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**


## ज्ञानमाला

१.सर्वप्रथम महाराजधिराजको पद्वी धारणा गर्ने राजा को हुन् ?
-अंशुवर्मा
२.युवराजधिराज घोषणा गर्ने प्रथा कुन राजाको पालादेखि चलेको हो ?
-अंशुवर्मा
३.अंशुवर्माले छोरी भृकुटीको विहे कोसँग गरिदिएका थिए ?
-भोटका राजा स्रङचङ गम्पोसँग
४.राजा नरेन्द्रदेवले नेपालमा कति वर्ष शासन गरे ?
-३४ वर्ष (वि.सं.७०२ देखि ७३६सम्म)
५. कुन राजाको पद्वी महाराजधिराज परमभट्टारक थियो ?
-नरेन्द्रदेव
६.लिच्छवीकालमा प्रधानसेनापतीलाई के भनिन्थ्यो ?
-महावलाध्यक्ष
७.लिच्छविकालमा प्रधानमन्त्रीलाई के भनिन्थ्यो ?
-महासामन्त
८. लिच्छविराजाहरुको राजधानी कहाँ रहेको विश्वास गरिन्छ ?
-हाँडीगाउँ
९. किराँत काल तथा लिच्छविकालमा जिल्ला स्तरीय प्रशासनिक इकाईलाई के भनिन्थ्यो ?
-विषय
१०.नेपालका प्रथम प्रामाणिक राजा कसलाई मानिन्छ ?
-मानदेवलाई



## बेस्ट कर्णाली मिडियाको नौलो धमका

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा प्रदेश नम्बर ६ बाट प्रथम सुचिकरण भएको **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक पत्रिका प्रकाशन भईरहेको छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

**हाम्रा विशेषताहरु**

– सरकारी, गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन।
– अनलाईन पत्रिका डिजाइन।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
– वेव तथा अनलाईनका लागि होस्टीग।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
– भिडियो डुकुमेन्ट्रीउत्पादन।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५,९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com